**प्रस्तावः मिति २०७७/०६/०८ गते बिहिबार ९० औं कार्यपालिका बैठक**

१. खरको छानो विस्थापन सम्वन्धमा
२. विद्युत सव-स्टेसन निर्माण सम्वन्धमा
३. भुक्तानी सम्वन्धमा
४. पञ्चोदय क्याम्पसलाई थप जग्गा भोग चलनमा दिने सम्वन्धमा
५. विद्यालयको नाम परिवर्तन सम्वन्धमा
६. वडा नं. १३, लापेमा बाटो मर्मत सम्वन्धमा
७. घोडा राख्ने स्थान छनौट सम्वन्धमा
८. सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समिति निर्णय सम्वन्धमा
९. आइलेन निर्माण अनुमति सम्वन्धमा
१०. कार्यविधि पारित सम्वन्धमा
११. कोभिड १९ निर्णय सम्वन्धमा
१२. आर्थिक सहयोग

**निर्णय नं. १:**

सुरक्षित नागरिक आवास कार्यान्वयन (प्रथम संशोधन) कार्यविधि २०७६ को दफा १५ अनुसार सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७/०५/२७ गते बसेको बैठकको निर्णयानुसार निर्वाचन क्षेत्र नं. २ अन्तर्गत घोराही उपमहानगरपालिकामा ५७४ घरहरुका लागि खरको छानो विस्थापन कार्यक्रम भएको हुँदा घोराही उपमहानगरपालिकाका तपशिल बमोजिमका वडाहरुमा निम्नानुसार संख्यामा २६ गेज (हेबी), रातो (इट्टा) रंगको जस्तापाता प्रयोग हुने गरि उक्त कार्यक्रम संचालन गर्ने ।

तपशिलः

| क्र.स. | वडा नं. | कार्यक्रम संचालन हुने घर संख्या | क्र.स. | वडा नं. | कार्यक्रम संचालन हुने घर संख्या |
|---|---|---|---|---|---|
| १. | ४ | ४१ | ९. | १३ | ४१ |
| २. | ६ | ४१ | १०. | १४ | ५ |
| ३. | ७ | ५० | ११. | १५ | ५ |
| ४. | ८ | ४१ | १२. | १६ | १ |
| ५. | ९ | ३५ | १३. | १७ | २० |
| ६. | १० | ४१ | १४. | १८ | ३४ |
| ७. | ११ | ५२ | १५. | १९ | १०१ |
| ८. | १२ | ६६ | १५. | | |

**निर्णय नं. २:**

**२.१** नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय, वितरण प्रणाली स्तरोन्नति तथा विस्तार आयोजनाको मिति २०७७/०६/०२, च.नं. ३० को पत्र, घोराही उपमहानगरपालिका ९ नं. वडा कार्यालयको च.न. १९८ मिति २०७७/०५/०४ गतेको सिफारिस पत्र तथा विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि अनुसार घोराही उपमहानगरपालिका वडा नं. ९ मा सब-स्टेशन निर्माणका लागि वडा नं. ९ को मुकुन्डाँडा प्रा.वि. को उत्तर दिशामा प्रयोगमा नआएको करिब १५ कठ्ठा सरकारी स्वामित्वको जग्गा प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएको हुँदा विद्युत सब-स्टेसन राख्न अनुमति दिने ।

**२.२** घोराही उपमहानगरपालिका वडा नं. १२ को च.नं. ३६३ मिति २०७७/०६/०७ गतेको पत्र तथा वडा समितिको निर्णयानुसार घोराही उपमहानगरपालिका वडा नं. १२ स्थित थाक्ले गाउँमा अन्दाजी १-०-० (एक विगाहा) सार्वजनिक सरकारी जग्गा हाल सम्म कसैले भोगचलन नगरेको हुँदा सो स्थानमा विद्युत सब-स्टेसन राख्नका लागि अनुमति दिने।

**निर्णय नं. ३:**

**३.१** घोराही उपमहानगरपालिकाको मिति २०७६/११/२३ गते बसेको ७६ औं कार्यपालिका बैठकबाट घोराही उपमहानगरपालिकाको आ.व. २०७६/०७७ सालमा आयोजना भएको मेयर कप फुटवल तथा उपमेयर कप भलिबल प्रतियोगिता संचालन गर्ने क्रममा वार्षिक विनियोजित रकमबाट नपुग रकम रु. १,०९,९४० (एक लाख नौ हजार नौ सय चालिस रुपैया) दिने निर्णय भएकोमा विविध प्राविधिक कारणले भुक्तानी हुन नसकेको हुँदा सो कार्यक्रम संचालन गर्दा अपुग भएको बिल भरपाई अनुसारको रकम रु.१,०९,२५० (एक लाख नौ हजार दुइ सय पचास) विविध शिर्षकबाट भुक्तानी दिने ।

**३.२** घोराही उपमहानगरपालिका वडा नं. १५ शहिद गेटमा डिजिटल सूचनामुलक बोर्ड राख्नका लागि स्थान भाडामा लिए अनुसार गत आ.व. २०७६/०७७ को माघ महिना देखि भाद्र सम्मको भाडा भुक्तानी हुन बाँकी भएको हुँदा घरधनी श्री कुम्बिर डाँगीलाई सम्झौता बमोजिम भाडा भुक्तानी दिने ।

**३.३** घोराही उपमहानगरपालिका वडा नं. १३ स्थित ज्यामिरे दहको ताल भारी वर्षाको कारण पानीको वहाव ज्यादा भई ताल फुट्ने सम्भावना रहेकोले उक्त ताल संरक्षण तथा मर्मत सम्भार कार्य गर्न अति आवश्यक भएको हुँदा सो कार्य श्री केशव गिरिको निगरानीमा सम्पन्न भएकोले मर्मत कार्यको प्राविधिक मूल्यांकन अनुसार हुन आउने रकम मर्मत सम्भार शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं.४:**

घोराही उपमहानगरपालिकाको मिति २०७६/०२/२४ गते बसेको ५७ औं बैठकबाट साविक हरिद्वार १ क कि.नं. ४२८ क्षेत्रफल २-१२-१५ मध्ये प्रदेश नं. ५ मा खुल्ला विश्वविद्यालयलाई अध्ययन केन्द्र स्थापनाका लागि ०-५-० क्षेत्रफल जग्गा, भौतिक पूर्वाधार मन्त्रालयलाई ०-५-० र राष्ट्रिय परीक्षा बोर्डलाई ०-५-० क्षेत्रफल जग्गा उपलब्ध गराउने निर्णय भएको को सरकारी जग्गाबाट र मिति २०७६/०५/२७ गते बसेको ६६ औं बैठकबाट पद्मोदय क्याम्पस घोराही दाङको माग अनुसार साविक हरिद्वार १ क कि.नं. ४२८ क्षेत्रफल २-१२-१५ को सरकारी जग्गाबाट क्याम्पसको भवन निर्माणको लागि करिब ०-१५-० क्षेत्रफल बराबरको जग्गा उपलब्ध गराई पाउँ भनि माग भै आएको र सो सम्वन्धमा उपर्युक्त जग्गा उपलब्ध गराउन घोराही उपमहानगरपालिका १७ नं. वडा कार्यालयको च.नं. ७५३ मिति २०७६/५/२७ को पत्र मार्फत सिफारिस समेत भै आएको हुँदा उपर्युक्त कि.नं.को जग्गा मध्ये करिब ०-१५-० कट्टा जग्गा पद्मोदय क्याम्पसको भवन निर्माणको लागि सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्य-नीति २०७१ बमोजिम उपलब्ध गराउन अनुमति दिने निर्णय भएकोमा उक्त जग्गा अपुग भइ घोराही उपमहानगरपालिका वडा नं. १७ को च.नं.७७१ मिति २०७७/०६/०४ को पत्रानुसार थप जग्गा माग भई आएको हुँदा खुल्ला विश्वविद्यालय, भौतिक पूर्वाधार मन्त्रालय र राष्ट्रिय परिक्षा बोर्डले प्रक्रिया अघि बढाउन चासो नदेखाएको हुँदा साविक हरिद्वार १ क कि.नं. ४२८ क्षेत्रफल २-१२-१५ को सरकारी जग्गा मध्ये खानेपानी संस्थाले ओगटेको (०-८-०) जग्गा र बस्ति बसेको जग्गा बाहेक पहिले निर्णय भएको करिब ०-१५-० जग्गा सहित करिब (२-०-०) बिगाहा जग्गा थप गरि पद्मोदय क्याम्पसलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्य-नीति २०७१ बमोजिम उपलब्ध गराउन अनुमति दिने।

**निर्णय नं. ५:**

घोराही उपमहानगरपालिका अन्तर्गत नगर शिक्षा समितिको मिति २०७६/१०/२१ गते बसेको बैठकमा संस्थागत विद्यालयको स्थान परिवर्तन तथा नाम परिवर्तनका लागि विद्यालयहरुले कम्पनी रजिष्टारको कार्यालयमा समेत दर्ता गरिसकेको हुँदा किड्स ब्राइट फ्युचर इ.बो स्कुल घोराही-१६ को नाम परिवर्तन गरि अम्बिकेश्वरी शिक्षा सदन कायम गर्ने ।

**निर्णय नं. ६:**

घोराही उपमहानगरपालिका वडा नं. १३ को च.नं. ५३३, मिति २०७७/०६/०५ गतेको पत्रानुसार मिति २०७७/०४/२५ गतेको तोक आदेश बमोजिम यस वडा अन्तर्गत दह छेडा देखि बुढाकोट मौलाकोट हुँदै उपल्लो लापे सम्म जाने बाटो मर्मत तथा पहिरो सरसफाई गर्नको लागि लगत इस्टिमेट अनुसार कार्य गर्न अनुमति दिने ।

**<u>निर्णय नं. ७:</u>**

घोराही उपमहानगरपालिका वडा नं. १ र २ मा अवस्थित चेपे जलाशय क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि सो स्थानमा घोडाको प्रतिमा राख्ने ।

**<u>निर्णय नं. ८:</u>**

घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७७/०४/२२, मिति २०७७/०६/०७ का तपशिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने ।

**८.१** सरसफाई व्यवस्थापन गर्दा परिचालन हुने सवारी साधनहरु मध्ये पुराना र काम नलाग्ने भएका रा.१.ग १३ नं. र रा.१.ग ११ नं. को पुरानो कम्प्याक्टर काममा प्रयोग हुने अवस्थामा नरहेको र ति गाडीहरु मर्मत गर्दा मर्मत पार्टपुर्जाहरु बजारमा सहजै उपलब्ध नहुने भएकोले मर्मत लागत समेत बढी लाग्ने भएको हुँदा एक पटक मर्मत गरी संचालनमा ल्याउने र पुनः विग्रिएमा लिलाम विक्रीको प्रक्रिया अगाडी बढाई लिलाम विक्री गर्ने ।

**८.२** घोराही उपमहानगरपालिकाका आयोजनाहरु मर्मत तथा निर्माण गर्ने कार्यका लागि यस कार्यालयको जे.सी.बि. काममा पठाउदा प्रति घण्टा आठ लिटरका दरले इन्धन सम्वन्धित उपभोक्ता वा वडा कार्यलय मार्फत व्यहोर्ने गरि जे.सि.बी उपलब्ध गराउने ।साथै काममा गएको दिन जे.सि.बी. चालकलाई खाना/खाजा खर्च वापत दैनिक रु. ५००|- का दरले खाना/खाजा खर्च रकम उपलब्ध गराउने ।

**८.३** घोराही उपमहानगरपालिका सरसफाई शाखामा प्रयोग हुने गाडी मध्ये रा.१.ग ११ नम्बरको गाडी २०७७ साल साउन महिनामा विग्रिएर संचालनमा नआएको भन्ने सुन्नमा आएको तर सोहि अवधिमा गाडी चालक समेत दुई जनाले सोहि गाडीको प्रयोजनका लागि इन्धन बुझेको देखिएको हुँदा सो सम्वन्धमा के भएको हो ? सत्यतथ्य बुझी प्रतिवेदन गर्न तपशिल बमोजिमको ५ सदस्यीय समिति गठन गर्ने।

तपशिलः

श्री शक्तिराम डाँगी, सरसफाई, वातावरण तथा विपद व्यवस्थापन संयोजक : संयोजक

श्री बिष्णुमणि दाहाल, वडा अध्यक्ष, वडा नं. ५ः सदस्य

श्री रविलाल घर्ती, वडा अध्यक्ष, वडा नं. १३ः सदस्य

श्री खुसिराम चौधरी, वडा अध्यक्ष, वडा नं. १७ः सदस्य

श्री धन बहादुर कुसुण्डा, का.पा. सदस्य : सदस्य

८.४. घोराही उपमहानगरपालिका वडा नं. ४ को च. नं. ५३२ मिति २०७७/०६/०७ को सिफारिस पत्र तथा संग्लन जिल्ला प्रहरी कार्यालय दाङको लाश सदगद पुर्जी समेतका आधारमा कमिरे दहमा पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएका श्री गोपाल सुनारको परिवारलाई किरिया खर्च बापत राहत स्वरुप रु.२५०००।- (अक्षरुपि पच्चीस हजार मात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

८.५. घोराही उपमहानगरपालिका वडा नं. ५ को च. नं. २९० मिति २०७७/०६/०५ को सिफारिस पत्र, संलग्न प्रहरी मुचुल्का तथा घरको तस्बिर समेतका आधारमा अबिरल बर्षातको कारणले श्री जुनु के. सी. को २ तले कच्ची घर भत्किएर क्षति भएको हुँदा निजलाई घरको साईज अनुसारको जस्तापाता राहत स्वरुप स्थानीय विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

८.६ घोराही उपमहानगरपालिका वडा नं. ९ च. नं. २५८ मिति २०७७/०५/२३ को सिफारिस पत्र तथा संग्लन प्रहरी मुचुल्का समेतका आधारमा अबिरल बर्षातको कारण श्री खिम कुमारी चौधरीको घर भत्किएर क्षति भएको सम्बन्धमा निजलाई राहत स्वरुप रु. २००००।-(अक्षरुपि बीस हजार मात्र)स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

८.७ घोराही उपमहानगरपालिका वडा नं. ९ च. नं. २६१ मिति २०७७/०५/२४ को सिफारिस पत्र तथा संग्लन प्रहरी मुचुल्का समेतका आधारमा अबिरल बर्षातको कारण श्री जंग बहादुर थारुको घर भत्किएर क्षति भएको सम्बन्धमा निजलाई राहत स्वरुप रु. २००००।- (अक्षरुपि बीस हजार मात्र) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

८.८ घोराही उपमहानगरपालिका वडा नं. ९ वडा कार्यालयको च. नं. १८३ मिति २०७७/०५/०१ को सिफारिस पत्र, संग्लन प्रहरी मुचुल्का तथा स्थलगत अनुगमन एवं ८९ औं कार्यपालिका बैठकको निर्णय नं ४.१९ समेतका आधारमा अबिरल बर्षातको कारण श्री नोखिराम डाँगीको को घर भत्किएको तथा श्रीमतीको मानसिक सन्तुलन समेत ठीक नभएको कारणले पारिवारिक अवस्था दयनीय भएको हुँदा नेपाल सरकारको विपद् पिडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७७ समेतका आधामा निज प्रभावितलाई घर निर्माणका लागि राहत स्वरुप रु १,००,०००।(अक्षरुपि एक लाख मात्र) स्थानीय विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

८.९ घोराही उपमहानगरपालिकाका प्राविधिकहरुको मिति २०७७/०६/०७ को प्राविधिक ईस्टीमेट प्रतिवेदनका आधारमा घोराही - १० खैरीको हापुर खोला मल्टिसेल पुलको पूर्वतर्फको भागमा बाढी नियन्त्रणको लागि वाल लगाउन पेश भएको ईस्टीमेट बमोजिमको रकम रु. ६५,४३६।८१ ( पैसठ्ठी हजार चार सय छत्तीस हजार रुपैया एकासी पैसा मात्र) घोराही उपमहानगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को बजेट अन्तर्गतको विपदबाट क्षेती भएका पूर्वाधार मर्मत शिर्षकबाट उपलब्ध गराउने ।

८.१० घोराही उपमहानगरपालिका वडा नं. १० च. नं. ६२२ मिति २०७७/०६/०१ को सिफारिस पत्र तथा संग्लन प्रहरी मुचुल्का समेतका आधारमा श्री जैसरा बुढा मगरको घर बाढीले भत्किएर क्षति भएको हुँदा निजलाई घरको साईज अनुसारको जस्तापाता राहत स्वरुप स्थानीय विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

**८.११** घोराही उपमहानगरपालिका वडा नं. १० च. नं. ६०२ मिति २०७७/०५/३१ को सिफारिस पत्र तथा संग्लन प्रहरी मुचुल्का समेतका आधारमा अबिरल बर्षातको कारण डुवानमा परी श्री थमन बहादुर गुरुङको घर भत्किएको हुँदा निजलाई घरको साईज अनुसारको जस्तापाता राहत स्वरुप स्थानीय विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

**८.१२** घोराही उपमहानगरपालिका वडा नं. १० च. नं. ६०३ मिति २०७७/०५/३१ को सिफारिस पत्र तथा संग्लन प्रहरी मुचुल्का समेतका आधारमा अबिरल बर्षातको कारण डुवानमा परी श्री बसन्ती डाँगीको घर भत्किएको हुँदा निजलाई घरको साईज अनुसारको जस्तापाता राहत स्वरुप स्थानीय विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

**८.१३** घोराही उपमहानगरपालिका वडा नं. १२ च. नं. ३०० मिति २०७७/०५/२९ को सिफारिस पत्र तथा संग्लन प्रहरी मुचुल्का समेतका आधारमा अबिरल बर्षातको कारण श्री माघु चौधरीको घर भत्किएर क्षति भएको हुँदा निजलाई घरको साईज अनुसारको जस्तापाता राहत स्वरुप स्थानीय विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

**८.१४** घोराही उपमहानगरपालिका वडा नं. १२ च. नं. ३०४ मिति २०७७/०५/३० को सिफारिस पत्र तथा संग्लन प्रहरी मुचुल्का तथा स्थलगत अनुगमन समेतका आधारमा अबिरल बर्षातको कारण श्री मान बहादुर थारुको घर भत्किएर क्षति भएको हुँदा निजलाई घरको साईज अनुसारको जस्तापाता राहत स्वरुप स्थानीय विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

**८.१५** घोराही उपमहानगरपालिका वडा नं. १३ च. नं. २९२५ मिति २०७७/०३/२५ को पत्र तथा संलग्न बील अनुसार उक्त वडाको विभिन्न स्थानमा पहिरोबाट अवरुद्ध सडक सुचारु गर्न जे. सी. बी. प्रयोग गर्दाको ईन्धन खर्च कर सहितको रु.११००००।(अक्षरुपि एक लाख दश हजार मात्र) प्राविधिक मूल्यांकन अनुसार राहत स्वरुप स्थानीय विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

**८.१६** घोराही उपमहानगरपालिका वडा नं. १४ च. नं. ३८६ मिति २०७७/०६/०४ को सहयोग माग पत्र तथा संग्लन प्रहरी मुचुल्का समेतका आधारमा अबिरल बर्षातको कारण श्री अविनास रोकाको घरमा पानी पसी घर भत्किने अवस्थामा रहेको तथा निजको आर्थिक अवस्था समेत कमजोर भएको बुझिएकोले निजलाई राहत स्वरुप रु.३००००।स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

**८.१७** घोराही उपमहानगरपालिका वडा नं. १४ च. नं. २६७ मिति २०७७/०५/१४ को सिफारिस पत्र अनुसार अबिरल बर्षातको कारण श्री मुर्ता देवी गुसाको घरको छानो चुहिएर भत्किने अवस्थामा पुगेको हुँदा क्षति भएको सम्बन्धमा निजलाई घरमा लाग्ने साईज अनुसारको जस्तापाता राहत स्वरुप स्थानीय विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

**८.१८** घोराही उपमहानगरपालिका वडा नं. १४ , निवासी कमल शाक्यको ५ बर्षको छोरा सविन शाक्यको घरको छतबाट खसी खुट्टा भाचिएको तथा निजको उपचारको लागि समेत आर्थिक अवस्था कमजोर भएको भन्ने बुझिएकोले उपचार खर्च बापतको बील बमोजिमको रकम रु.१५०००।(अक्षरुपि पन्ध्र हजार मात्र) निज कमल शाक्यलाई राहत स्वरुप स्थानीय विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

८.१९ घोराही उपमहानगरपालिका वडा नं. १९ च. नं. ०६ मिति २०७७/०४/०४ को सिफारिस पत्र तथा संलग्न प्राविधिक ईस्टिमेट अनुसार पेदी, राम्चे, पलासे, सैघा लगायत वडा विभिन्न स्थनमा सडक मर्मत सम्भार योजनाको भुक्तानी ईस्टीमेट बमोजिमको रकम रु. ४०९७६४।८६ (अक्षरुपि चार लाख नौ हजार सात सय चौसट्ठी रुपैया छेयासी पैसा मात्र ) घोराही उपमहानगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को बजेट अन्तर्गतको विपदबाट क्षेती भएका पूर्वाधार मर्मत शिर्षकबाट उपलब्ध गराउने।

**निर्णय नं. ९ :**

घोराही उपमहानगरपालिका वडा नं. १४, च.नं. ४०२, मिति २०७७/०६/०५ को पत्रानुसार मिति २०७७/०५/२९ गते बसेको वडा समितिको बैठकले बाटो, घाटोलाई असर नपर्ने गरी बाल मन्दिरको पूर्व, दाङ , उद्योग वाणिज्य संघ जाने बाटो, बसन्त विहार टोलमा ट्राफिक आइलेन निर्माण सम्वन्धित टोल विकास संस्था, जिल्ला ट्राफिक प्रहरीको समन्वयमा उद्योग बाणिज्य संघले निर्माण गर्ने गरि अनुमति दिने ।

**निर्णय नं. १०:**

घोराही उपमहानगरपालिकाका विभिन्न शाखाबाट पेश भएका तपशिल बमोजिमका कार्यविधि पारित गर्ने ।

| क्र.स. | कार्यविधिको नाम | पेश हुने शाखा | कैफियत |
|---|---|---|---|
| १. | शिक्षक,बालविकास केन्द्रका पुर्व प्राथमिक शिक्षक तथा विद्यालय कर्मचारी सरुवा-व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ | शिक्षा युवा तथा खेलकुद महाशाखा | |
| २. | ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ | वातावरण तथा विपद व्यवस्थापन महाशाखा | |

**निर्णय नं. ११:**

घोराही उपमहानगरपालिका अन्तगर्तको कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन समितिको मिति २०७७/०६/०७ गते बसेको बैठकमा कोभिड-१९ नियन्त्रण तथा व्यवास्थापन समितिको मिति २०७७/०३/१२ को निर्णयानुसार घोराही उपमहानगरपालिकाका वडाहरुमा क्वारेन्टिन व्यवस्थापनका खर्च वडास्तरीय बजेटबाट अपुग भएमा घोराही उपमहानगरपालिका अन्तर्गतको कोरोना राहत कोष तथा अपुग रकम स्थानीय विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरिएकोमा घोराही उपमहानगरपालिका वडा नं. १ को आर्थिक वर्ष २०७७/०७७ को कोरोना भाइरस रोकथाम एवं व्यवस्थापन तथा क्वारेन्टिन व्यवस्थापनको खर्च प्राविधिक कारणले भुक्तानी हुन नसकेको हुँदा पेश भएको बिल, भर्पाइ एवं दाखिला प्रतिवेदन समेतकाको आधारमा घोराही उपमहानगरपालिका अन्तर्गतको स्थानीय विपद व्यवस्थापन कोषबाट घोराही उपमहानगरपालिका वडा नं. १ को कार्यालयलाई भुक्तानी दिने ।

**निर्णय नं. १२:**

जिल्ला प्रशासन कार्यालय घोराही, दाङको च.नं. १५०१, मिति २०७७/०६/०७ को पत्रानुसार जिल्ला प्रशासन कार्यालय दाङको कार्यालयमा कार्यरत हलुका सवारी चालक श्री गुरु प्रसाद गुप्तलाई मस्तिष्क ट्युमर (Brain Tumor)

भएकोले तत्काल टाउकोको अप्रेशन गर्नुपर्ने भएको हुँदा आर्थिक सहयोग माग भई आएकोले निजलाई औषधि उपचारका लागि रु.३००००।००(अक्षरुपि तीस हजार मात्र) आर्थिक सहयोग विविध शिर्षकबाट उपलब्ध गराउने ।